# पाठ ६ आराधनाका लागि निर्देशन

किन वर्षाको पानी माथि जान्छ र तल झर्दैन? किन सूर्य पूर्वमा उदाएर पश्चिममा अस्ताउँछ? किन हामी हावाको सास लिन्छौं र पानीको होइन? यी कामै नलाग्ने प्रश्नहरू होइनन्। उत्तरहरू पत्ता लगाउनका लागि वैज्ञानिकहरूले धैरै वर्षसम्म अनुसन्धान गरेका छन्। तिनीहरूले पत्ता लगाएका छन् कि हाम्रो विश्व र यहाँ भएका सबै थोकहरू नियमहरूद्वारा सञ्चालित छन्, जसले यसलाई ठीकठाक राखेको हुन्छ। यस्तो क्रम वा नियम नभएको खण्डमा त्यहाँ वर्षा हुनेछैन, घाम अस्ताउने छैन र जीवन हुने छैन। यी "प्रकृतिका नियमहरू" हुन्। ख्रीष्टियानहरूका रूपमा हामीलाई थाहा छ, कि यीचाहिँ "परमेश्वरका नियमहरू" हुन्। विश्वलाई शासन गर्नका निम्ति हाम्रा सृष्टिकर्ताले यी नियमहरू स्थापित गर्नुभयो।

परमेश्वरका नियम र नीतिहरूविना विश्व पूर्ण गोलमालमा भएझैं यदि हामीले पनि उहाँका निर्देशनहरूलाई पालन गरेनौं भने हाम्रा भित्रिया जीवनहरू पनि ठीकठाक हुन सक्दैनन्। यी भित्रिया निर्देशनहरूलाई परमेश्वरका *नैतिक नियम* भनिन्छ। हामीले उहाँलाई प्रसन्न तुल्याउनका लागि आत्मिक कदम वा अवस्थाहरू पूरा गर्नुपर्ने कुरा यसमा संलग्न गरिएको हुन्छ। उदाहरणको लागि, यदि कुनै व्यक्तिले व्यक्तिगत रूपमा पश्चात्ताप



गरी येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरेन भने उसको प्राणको उद्धार हुन सक्दैन।

हाम्रो आराधनाको निम्ति पनि परमेश्वरले आफ्नो वचनमा निर्देशनहरू दिनुभएको छ। यीमध्ये केहीलाई हामीले अध्ययन गरिसकेका छौं। आराधकहरूमा हुनुपर्ने तीनओटा भित्रिया गुणहरूलाई के तपाईं स्मरण गर्न सक्नुहुन्छ? हामीले पाठ १-मा यिनीहरूलाई अध्ययन गरिसकेका छौं र त्यहाँ हामीले सिक्यौं कि तीचाहिँ नम्रता, आज्ञाकारिता र प्रेम हुन्। हाम्रो आराधनालाई प्रकट गर्ने तरीकाहरूका सम्बन्धमा पनि हामीले अध्ययन गरिसकेका छौं– प्रार्थना, सेवा र सङ्गीतद्वारा। प्रभावशाली ख्रीष्टियान आराधनाका निम्ति कसरी आफैलाई तयार पार्न सक्छौं, सो हामी यस पाठमा अध्ययन गर्नेछौं।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

भित्रिया तयारी
बाहिरिया प्रकट

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- प्रभावशाली आराधनाको निम्ति बाइबलीय शर्तहरू पूरा गर्नका लागि आवश्यकीय तयारीलाई वर्णन गर्न।
- आराधनाको कुनचाहिँ बाहिरिया प्रकट बाइबलीय सिद्धान्तहरूमा आधारित छ सो बुझ्न।
- साँचो आराधनाको निम्ति भएको बाइबलीय निर्देशनको आधारमा तपाईंको आफ्नै आराधनालाई मूल्याङ्कन गर्न।

## भित्रिया तयारी

उद्देश्य १ : *आराधनाको निम्ति प्रभुले माग गर्नुहुने भित्रिया अवस्थाहरूलाई परिचित गर्नुहोस्।*

आराधनाको निम्ति उचित तयारीमा हाम्रो भित्रिया जीवनमा हुनुपर्ने *शुद्धता, स्पष्टता* र *शान्तता* संलग्न भएको हुन्छ। हाम्रा विचारहरू र प्रवृत्तिहरूसँग तिनीहरू संलग्न हुँदा यी अवस्थाहरू घरीघरी दोहोरिने भए तापनि हामी यिनीहरूलाई क्रमबद्ध प्रकारले छलफल गर्नेछौं।

### शुद्ध हुनु

परमेश्वरको सामुन्ने *शुद्ध हुनु* भनेको विनापाप उहाँको सामु खड़ा हुनु हो। परमेश्वर आफैले नै क्षमा दिनु भई हाम्रा पापहरू धुनुभएपछि मात्र त्यो हुन सम्भव छ।

> हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस्। मेरो सबै अधर्मबाट मलाई

पूर्ण रूपमा धोइदिनुहोस् र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस् (भजनसंग्रह ५१:१-२)।

आफ्नो टाउको असाध्यै दुख्दा-दुख्दै एक स्त्री मण्डलीमा गईन्। तिनको लागि प्रार्थना गरिनुपर्छ भनी पास्टरले सुझाव दिनुहुँदा तिनले यसरी जवाफ दिइन्, "होइन, मेरो निम्ति प्रार्थना गरिनु हुँदैन, किनकि आज मैले मेरा छोराछोरीहरूलाई अनावश्यक गाली गरेर तिनीहरूसँग निर्दयी व्यवहार गरेकी छु।"

तिनका पास्टरले भद्र भएर तिनलाई याद दिलाए कि तिनले परमेश्वरको क्षमा माग्न सक्छिन्, यसलाई ग्रहण गर्न सक्छिन् र उहाँको सामु धर्मी भएर खड़ा हुन सक्छिन्। ती स्त्रीले त्यसै गरिन् र तुरुन्तै निको भईन्। तिनको शारीरिक चङ्गाइभन्दा अझ ठूलो कुराचाहिँ परमेश्वरसँग बिन्ती गर्दा उहाँको सामु शुद्ध हुन सकिन्छ भन्ने तिनको समझ वा बुझाइ हो।

बिन्ती गर्ने बित्तिकै क्षमा आइहाल्छ भन्ने सोचेर आफूलाई खुशी लागेको गर्ने र आफ्नै बाटोमा जाने भन्ने अर्थ यसले दिन्छ त? १ यूहन्ना ३:९-ले नै यसको उत्तर देओस्। "परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप गरिरहन सक्दैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हो।"

यूहन्नाले हामीलाई याद दिलाएका छन् कि परमेश्वरसँगको आफ्नो स्थानलाई असर नपारीकन कुनै पनि ख्रीष्टियानले हठीपनाको पाप गर्न सक्दैन। यस्तो भएपछि त्यहाँ प्रार्थनापूर्ण पश्चात्ताप हुनैपर्छ। तर त्यसभन्दा अझ धेरैचाहिँ– जब हामी येशूलाई प्रेम गर्छौं र हाम्रा उद्धारका निम्ति उहाँले तिर्नुभएको मूल्यलाई महसूस गर्छौं र बाइबलले भनेझैं हामी शुद्ध र पापको दाग नलागेको व्यक्ति हुन चाहन्छौं।

**तपाईंको अभ्यासको निम्ति**

१ वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। परमेश्वरको सामु शुद्ध हुनु भनेको अर्थ यही हो कि हामी

**क**) -ले कहिल्यै पाप गरेका छैनौं।

**ख**) असल हुनका लागि धेरै मेहनत गर्छौं।

**ग**) -ले प्रार्थना गऱ्यौं र परमेश्वरले हामीलाई क्षमा दिनुभयो।

**स्पष्ट हुनु**

प्रभुले हामीलाई शुद्ध पार्नुभएपछि, हामी आफूलाई शुद्ध राख्न चाहन्छौं, र यसको अर्थ हामी र परमेश्वरका बीचमा सबै कुरा स्पष्ट राखिनुपर्छ। एक पुरानो भजनले यसरी व्यक्त गरेको छः

मेरो प्राण र उद्धारकर्ताका बीचमा केही बाधा छैन,
यसरी उहाँको महिमित मुहार देख्न सकियोस्;
केही कुराले पनि उहाँको दयालाई रोक्न नसकोस्।
मार्ग स्पष्ट होस्! बीचमा केही पनि बाधा नहोस्।

आफ्नो अगाड़ि राखिएको कुरामा पुग्नका लागि आफूले उत्तम प्रयास गरेका कुरा प्रेरित पावलले बताएका छन्। "ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निराशातिर म जोड़सँग अगि बढ्दछु" (फिलिप्पी ३:१४)।

प्रेरित २४:१६-मा उनले भनेका छन्, "परमेश्वरप्रति र मानिसहरूप्रति म सधैं शुद्ध विवेक राख्ने प्रयास गर्छु।" तर

सधैँभरि हामीहरू कसरी शुद्ध विवेक राख्न सक्छौं? कोही-कोही ख्रीष्टियानहरूले यो प्रश्न गरेका छन् र प्रभुलाई अप्रसन्न पार्ने कुरामा यति धेरै डराउँछन् कि तिनीहरू सधैँभरि नै डरमा जिउँछन्। तिनीहरूले आफ्ना हृदयहरू आफैले खोतल्ने प्रयासको भूल गरेका हुन्छन्। योचाहिँ धिपधिपे बत्ती बालेर घरलाई सफा गर्ने कोशिश गर्नुजस्तै हो। के कुरालाई सफा गर्नुपर्ने हो यसले देखाउन सक्दैन र सफा गर्नुपर्ने क्षेत्रमा चाहिँ छायाँ पारिदिन्छ होला। भजनसंग्रह १३९:२३-२४-ले हामीलाई अझै उत्तम तरीका बताउँछ।

> हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस् र मेरा चिन्ताहरूलाई जान्नुहोस्। हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस्।



जब हामी हाम्रा हृदयहरू प्रभुलाई जाँच गर्न दिन्छौं, हामीलाई नदोष्याईकन उहाँले त्यो गर्नुहुनेछ। हाम्रा मानव

कमजोरीहरूलाई उहाँ बुझ्नुहुन्छ। र पनि, उहाँ पवित्र र धर्मी हुनुहुन्छ र उहाँले पापलाई सहन सक्नुहुन्न। उहाँ र हाम्रा बीचमा हामीले केही बाधा आउन दिएका छौं भने उहाँले नै हामीलाई यस सम्बन्धमा बताउनुहुन्छ भन्ने कुरामा हामी निश्चित हुन सक्छौं। अझै, यस बारेमा हामीले के गर्नुपर्ने हो, सो कुरा उहाँले हामीलाई बताउनुहुन्छ। त्यसैले त हामीलाई अगुवाइ गर्ने, अर्ती दिन र हामीलाई उहाँको बाटोमा डोऱ्याउनका लागि उहाँले हामीलाई आफ्नो वचन दिनुभएको छ।

> जीवनका वृक्षको हक पाउन र शहरका ढोकाहरूबाट भित्र पस्न पाऊँ भनी आफ्ना वस्त्र धुनेहरू धन्यका हुन्। बाहिरचाहिँ कुकुरहरू, मन्त्रतन्त्र गर्नेहरू, व्यभिचारीहरू, हत्याराहरू मूर्तिपूजकहरू र असत्य मन पराउनेहरू र त्यसैमुताबिक चल्नेहरू रहन्छन् (प्रकाश २२:१४)।

उल्लेख गरिएका प्रायःजसो पापहरू स्पष्टसँग देखिन्छन् र सजिलैसँग चिन्न सकिन्छन्। यद्यपि, मन्त्रतन्त्र गर्ने र मूर्तिहरूलाई पूज्नेजस्ता पापहरूलाई कति पल्ट सजिलैसँग चिन्न नसकिने हुन्छ। जादूगरी कहिलेकहीँ सामूहिक खेलजस्तो पनि देखिन सक्छ, र मज्जाको निम्ति गरिएको भन्ने सोचाइ हुन्छ। आज हाम्रा दिनहरूमा देखिने जस्ता चलनहरू व्यवस्था १८:९-१३-मा पनि पाइन्छन्। जस्तैः पत्ती वा चियाका पातहरू पढ्ने, आत्माहरूसँग कुराकानी गर्ने वा चीनाहरूको अध्ययन गर्ने। यदि तपाईंसँग कुनै यस्ता पुस्तकहरू छन् वा बिगत दिनहरूमा यदि तपाईंले यी कुराहरूको अभ्यास गर्नुभएको छ भने, तपाईंले तिनीहरूलाई जलाउनुपर्छ। तपाईंले ती कहिल्यै प्रयोग गर्नुभएको छैन भने पनि, तिनीहरूलाई तपाईंले पूरै रूपमा फाल्नुपर्छ, किनकि तपाईंलाई जालमा पार्नका लागि पछि गएर शैतानले यसलाई प्रयोग गर्ने कोशिश गर्न सक्छ।

झूट बोल्नेजस्ता धेरै पापहरू के हुन् भन्ने कुरा एउटा सानो बालकलाई पनि स्पष्टसँग थाहा छ। तर शत्रु अर्थात् दुष्टले विश्वासीहरूलाई यी कुराहरूमा लगाउने कोशिश गर्छ। असत्यताको छायाँले हामीलाई कठिनाइबाट पार गरिदिँदा वा पैसा कमाउनका लागि हामीलाई सहायता पुऱ्याउँदा हामीलाई परीक्षा आइलाग्छ।

तर यी कुराले हामीलाई डराउन दिनु आवश्यक छैन। परमेश्वरले हामीलाई आफ्ना प्रतिज्ञाहरू दिनुभएको छ, र उहाँले यसो पनि भन्नुभएको छ कि पतन हुनबाट हामीलाई जोगाउन र उहाँको उपस्थितिमा हामीलाई निर्दोष र आनन्दित पार्नका लागि उहाँ योग्य हुनुहुन्छ (यहूदा २४)।

**तपाईंको अभ्यासको निम्ति**

२ परमेश्वरको सामु मेरो विवेक स्पष्ट छ भनी हेर्नका लागि को जिम्मेवारी छ?

..........................................................................

**शान्त हुनु (अस्तव्यस्त नहुनु)**

शुद्ध हुनु र परमेश्वर र हाम्रा बीचमा कुराहरू स्पष्ट हुनुपर्ने बारेमा, हामीले कुराकानी गरिसकेका छौं। ठीक ठाउँ र समयमा हामीले राख्यौं भने कतिपय कुराहरू गल्ती हुँदैनन्, तर प्रभुसँगको हाम्रो हिँड़ाइबाट तिनीहरूले हामीलाई टाढ़ा पुऱ्याउन सक्छन्।

उदाहरणको लागि, एक ख्रीष्टियान स्त्रीले अरूहरूलाई सहायता पुऱ्याउनका लागि सिलाइ-बुनाइ गर्ने आफ्नो क्षमतालाई

प्रयोग गर्न थालिन्। केटाकेटीहरूका निम्ति तिनले न्यानो स्वेटरहरू बनाइन्, त्यसै गरी माछा मार्नेहरूका निम्ति पनि बाक्ला र न्याना लुगा बनाइन्। अरू विभिन्न पोशाकहरू पनि ती बनाउने गर्थिन्। हूरी-बतासका दिनहरूमा कहिलेकहीँ तिनी आफ्नो बाइबल पढ्थिन् र त्यसपछि अबेरसम्म बत्ती बालेर बुन्ने काम गर्थिन्। आफूले बुन्न चाहेको कारणले तिनी मण्डलीमा जान पनि छोड्निन्। यद्यपि, ढीलो हुनुभन्दा पहिले नै पवित्र आत्माले तिनलाई खतराको चिन्ह देखाउनुभयो, अनि फेरि तिनले आफ्नो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिन थालिन्। तिनले मण्डलीमा जानका लागि समय निकालिन र बुन्नका लागि पनि तिनीसँग पर्याप्त समय भयो।

तिनीहरू आफैमा हानिकारक नभएका धेरै क्रियाकलापहरूले हाम्रा समयलाई चोर्न सक्छन् र परमेश्वरसँगको हाम्रो हिँड़ाइलाई बाधा पुऱ्याउन सक्छन्। शिकार खेल्न जानु, बल खेल्नु, सिउनु, पढ्नु र अन्य हजारौं क्रियाकलापहरू गर्नुमा केही पनि गल्ती छैन, तर हामीले तिनीहरूलाई हाम्रो जीवनमा कहिल्यै पहिलो स्थान दिनुहुँदैन। यदि हामीले यी कुराहरूलाई पहिलो स्थान दियौं भने परमेश्वरलाई मात्र आराधना गर्नका लागि हाम्रो हृदयमा भएको स्थानमा कलङ्क लाग्छ, किनकि हाम्रा जीवनमा पहिलो स्थान पाउने योग्य व्यक्ति परमेश्वर मात्र हुनुहुन्छ।

> यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक (रोमी १२:१-२)।

त्यस खण्डको अन्तिम भागलाई के तपाईंले ध्यान दिनुभएको छ? हामीमा भएका सबै थोकले प्रभुलाई आराधना गर्ने उद्देश्य (हाम्रा मनमा निर्णय) जब हामी लिन्छौं, उहाँलाई असल र खुशी लाग्ने कुरा हामीले थाहा पाएका हुन्छौं। नोक्सान पुऱ्याउने, नोक्सान नपुऱ्याउने र वास्तवमा असल कुराहरूका बीचमा भएका भिन्नता छुट्ट्याउनका लागि उहाँले हामीलाई सहायता पुऱ्याउनुहुनेछ। हाम्रो कामचाहिँ आफैलाई अनुशासित गर्नु हो– परमेश्वरसँगको मिलापमा आफैलाई राख्नु। जब हामी त्यो गर्छौं सबै थोकले यसको उचित स्थान प्राप्त गर्नेछ।

> अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर (फिलिप्पी ४:८)।

## तपाईंको अभ्यासको निम्ति

**३** तलका वाक्यहरूलाई पूरा गर्नुहोस्।

**क**) हामीले सधैँभरि प्रभुलाई हाम्रो जीवनमा .................. ......................... स्थान दिनुपर्छ।

**ख**) हामीले जसरी परमप्रभुलाई आराधना गर्नुपर्ने हो, त्यसरी आराधना गर्नका लागि हामीले हाम्रा विचारहरू र प्रवृत्तिहरूलाई ........................................... र ............................................... राख्नुपर्छ।

**४** प्रभुलाई पूर्ण हृदयले आराधना गर्नबाट तल उल्लेखित कुन-कुन क्रियाकलापहरूले हामीलाई रोक्छन्?

**क**) असल पुस्तकहरूको पढ़ाइ
**ख**) पत्रहरू लेख्नु
**ग**) खेलहरू खेल्नु
**घ**) काम गर्नु
**ङ**) यात्रा गर्नु
**च**) माछा मार्नु

**५** हामीले असल कुराहरूलाई मात्र विचार गर्नुपर्छ भनी फिलिप्पी ४:८-मा पावलले किन लेखेका थिएजस्तो तपाईंलाई लाग्छ? ..........................................
..................................................................

---

## बाहिरिया प्रकट

---

उद्देश्य २: *नयाँ करार आराधनाका विशेषताहरूलाई परिचित गर्नुहोस्।*

साँचो आराधनाको पृष्ठभूमिको बारेमा हामीले कुराकानी गरिसकेका छौं– परमेश्वरको सामु ठीक भएको हृदय– र यसले निश्चय नै ठीक कार्यहरूको नतीजा प्रदान गर्छ। यदि हामी परमेश्वरलाई प्रेम गर्छौं र हाम्रो भाइलाई प्रेम गर्छौं भने हामी उनलाई दुःख दिँदैनौं। उनलाई सहायता गर्नका लागि हामीले सक्ने काम हामी गर्छौं।

यद्यपि, त्यहाँ अगाड़ि यस्ता कुरा छन्, जुनचाहिँ आराधनाका बाहिरिया प्रकट हुन्, जसले हाम्रा मनमा प्रश्नहरू उठाउन सक्छन्। पुरानो करार समयमा यहूदीहरूले गरेझैं के हामीले पनि बलिहरू चढ़ाउनु आवश्यक छ? के हामीले प्रेरितहरू र

अरू सन्तहरूका मूर्तिहरूको सामु झुक्नुपर्छ त? के मण्डलीमा हाम्रा हातका तालीहरू बजाउनु अनादर हो कि?

आराधनामा हामीले गर्ने केही कुराहरू हाम्रो संस्कृतिसँग सम्बन्धित हुन सक्छ– र संस्कृतिका सबै पक्षहरू गल्ती हुँदैनन्। प्रत्येक समाजभित्र आराधनाको निम्ति स्वीकार गरिएका केही रीतिहरू त्यहाँ छन्, जुनचाहिँ मण्डली र जीवनका भाग बनेका छन्। बाइबलीय सिद्धान्तहरूलाई यिनीहरूले विरोध गर्दैनन् भने, तिनीहरू गल्ती हुँदैनन्। परमेश्वरका सम्बन्धमा विचार गर्दा त उहाँका लागि ती आवश्यक नै छैनन्। तर आराधनामा भएको हाम्रो तरीकालाई तिनीहरूले असर पारेका हुन्छन्।

हाम्रो व्यक्तित्वअनुसार हामी विभिन्न प्रकारले प्रतिक्रिया जनाउने गर्छौं। तपाईंका मित्रहरूका बारेमा विचार गर्नुहोस्। यदि तपाईंले तपाईंको कुनै एक मित्रलाई बहुमूल्य उपहार दिनुभयो भने, उनी उत्साहित भएर उफ्रँदै तलमाथि गर्छन्। अर्को मित्रचाहिँ तपाईंले उपहार दिनुहुँदा अति खुशी हुन्छन्, तर उनले चाहिँ मुस्कान दिएर तपाईंलाई "धन्यवाद" मात्र भन्छन्। किन उनीहरूले भिन्नाभिन्नै किसिमले प्रतिउत्तर दिए त? यसको सामान्य कारणचाहिँ तिनीहरू आफ्ना व्यक्तित्वमा फरक छन्।

यी तत्त्वहरूबाहेक, बाइबलले आराधनाको निम्ति निर्देशनहरू दिएको छ। पुरानो करारका आराधकहरूलाई पनि पालन गर्नका निम्ति विशेष नियमहरू दिइएका थिए, विशेष गरी बलिहरू चढ़ाउने सम्बन्धमा। आज हामी ती नियमहरूहरूलाई पालन गर्दैनौं, किनकि बलिदानहरूचाहिँ आउने कुराहरूका चिन्ह वा "छायाँहरू" मात्र थिए। थुमालाई बलि गर्ने र रगतलाई छर्कने विधिले ख्रीष्टलाई हेरिराखेको थियो। संसारको पापको निम्ति कलवरीमा आफ्नो रगत बगाउने परमेश्वरका थुमा उहाँ नै हुनुहुन्छ। हामीले अहिले यी विधिहरूलाई पालन गर्नुपर्दैन, किनकि यसो गर्नु

आवश्यक छैन। किनकि यसको अर्थ के थियो भन्ने कुरा हामीलाई थाहा छ, हाम्रो निम्ति पहिले नै दिइएको पूर्ण र सिद्ध बलिदानलाई ग्रहण गर्नका लागि हामी कलवरीमा हेर्छौं।

> पहिलाको करारमा आराधनाका धर्म-विधिहरू र पार्थिव पवित्रस्थान पनि थिए... तर ख्रीष्ट अघिबाटै आइसकेका असल कुराहरूका प्रधान पूजाहारी भएर आउनुभयो... यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ (हिब्रू ९:१,११,१५)।

परमेश्वरलाई मात्र आराधना गरिनुपर्छ भनी नयाँ करारले घरीघरी जोड़ दिएको छ। स्वर्गीक प्राणीलाई आराधना गर्नका लागि आफू निहुरिएको कुरा प्रेरित यूहन्नाले बताएका छन्, तर यी शब्दहरूका साथ यसो गर्नका लागि उनलाई रोकिएको थियो, "तिमीले मलाई यसो गर्नुहुँदैन। म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रो सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर!" (प्रकाश १९:१०)।

येशू क्रूसमा मर्नुहुँदा, पूजाहारीले पाउने हक पाउनका लागि उहाँले हाम्रो निम्ति ढोका खोलिदिनुभएको छ। हामी सबै जना सीधै परमेश्वरकहाँ गएर हामी उहाँलाई आराधना गर्न सक्छौं।

> हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई, र हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमिन (प्रकाश १:५-६)।

हाम्रा पूरै हृदयहरूले परमेश्वरलाई आराधना गर्नका लागि हामी स्वतन्त्र छौं र आराधनालाई विभिन्न किसिममा प्रकट गर्न सकिन्छ। पहिलेका पाठहरूमा हामीले प्रार्थना, सङ्गीत, गान, पर्खाइ र हाम्रा कामहरूद्वारा गरिने आराधनाका बारेमा कुराकानी गरिसकेका छौं। के प्रभुलाई हाम्रो प्रेम प्रकट गर्ने अन्य तरीकाहरू पनि त्यहाँ छन् त? हाम्रो व्यक्तिगत भक्तिको समयमा वा हामी अरू विश्वासीहरूका साथमा हुँदा हाम्रा हृदयहरूमा उम्लने प्रशंसाहरूका बारेमा चाहिँ के हो त?

हाम्रो आराधनाको समयमा पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ। हामी एकैसाथ समूहमा भेला हुँदा आनन्दको निम्ति गाउने र हाम्रो हातका तालीहरू बजाउने अवसरहरू हामीलाई प्राप्त हुन्छ। यो बाइबल आधारित कुरा हो (भजनसंग्रह ४७:१)। हामीले हाम्रा हातहरू उठाउनुपर्छ भनी बाइबलले हामीलाई बताएको छ।

> परमप्रभुका सबै सेवकहरू, परमप्रभुको प्रशंसा गर, तिमीहरू जो परमप्रभुको भवनमा राती उहाँको सेवा गर्दछौ। पवित्रस्थानमा आफ्ना हात उचाली परमप्रभुको प्रशंसा गर! (भजनसंग्रह १३४:१-२)।

करारको सन्दूकलाई यरूशलेममा फर्काएर ल्याउँदा "परमप्रभुको सामुन्ने बड़ो जोशको साथ" दाऊद नाचेका थिए भनी बाइबलले हामीलाई बताउँछ (२शमूएल ६:१४)। उनको आनन्द यति उम्लिएको थियो कि उनी चूपचाप भएर रहनै सकेनन्।

हाम्रो आराधनामा स्वतन्त्रता र हाम्रो निष्कपट प्रशंसालाई प्रभुले चाहनुहुन्छ। पितालाई महिमा दिनका लागि पवित्र आत्मा हामीद्वारा काम गर्न चाहनुहुन्छ। हाम्रा विभिन्न व्यक्तित्वहरूलाई पनि उहाँले प्रयोग गर्नुहुन्छ, किनकि हामी भिन्नाभिन्नै व्यक्तिहरू हौं भन्ने कुरा उहाँले देख्नु र चिन्नुहुन्छ।

हामीले पनि याद गर्नैपर्छ कि प्रत्येक व्यक्ति हामीजस्तै हुँदैन, र अरू मानिसहरूले हामीले भन्दा भिन्नै किसिमले पवित्र आत्माको कामलाई प्रतिउत्तर दिन सक्छन्। एक व्यक्ति आफ्ना भावनाहरूलाई प्रकट गर्नका लागि अर्को व्यक्तिजस्तो छिटो हुँदैन। चूपचाप बसेको व्यक्तिले प्रभुलाई सुनिराखेको हुन सक्छ, र उसको आत्मा ख्रीष्टसँग स्वर्गीक स्थानहरूमा उठाइएको हुन सक्छ। आफ्नो ठाउँबाट कहिलेकहीँ मात्र यताउति सर्ने स्त्रीका खुट्टाहरू नाचिरहेका देखेपछि कोही व्यक्तिले प्रश्न गर्‍यो। तिनीहरूले थाहा पाएकी तिनी सात जना केटाकेटी भएका परि-वारबाट आएकी थिइन्– ती सबै कुँजा जन्मेका थिए। नाचचाहिँ तिनको प्रशंसा गर्ने तरीकाको रूपमा प्रकट भएकोमा अचम्म मान्नुपर्ने छैन। हामीले उल्लेख गरेका व्यक्तिहरूले आराधना गर्दा एउटै किसिमको बाहिरिया प्रकट देखाएनन्, र पनि प्रत्येक व्यक्ति निष्कपट र हृदयस्पर्सी आराधनामा संलग्न भएको थियो।

"भातृ-प्रेमसँग एक-अर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर" भनी रोमी १२:१०-मा दिइएका निर्देशनहरूलाई यदि हामीले पालन गर्‍यौं भने हाम्रो प्रशंसा अनादर र बाधा पुर्‍याउने खालको हुँदैन। हामीले अरू मानिसहरू, तिनीहरूका संस्कृतिहरू, तिनीहरूका व्यक्तित्वहरू र प्रभुसँगको तिनीहरूको हिँड़ाइलाई आदर गरेका हुन्छौं।

**तपाईंको अभ्यासको निम्ति**

**६** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) पुरानो करारका बलिदानहरू आउने कुराहरूका चिन्हहरू वा छायाँहरू थिए।

ख) मूर्तिहरू र आराधनाका वस्तुहरूले हाम्रा मनहरूलाई एकत्रित पार्नका लागि हामीलाई सहायता गर्छन्।
ग) स्वर्गीक प्राणीको सामु नझुक्नू तर परमेश्वरलाई आराधना गर्नू भनी प्रेरित यूहन्नालाई भनिएको थियो।
घ) हामी सबै जना सीधै परमेश्वरकहाँ जान सक्छौं र उहाँलाई आराधना गर्न सक्छौं।

७ वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। बाइबलमा हामी प्रभुलाई आराधना गर्ने मानिसहरूका बारेमा पढ्छौं, जसले
क) आफ्ना हातहरू उठाएर आराधना गरेका थिए।
ख) प्रभुको सामु नाचेर आराधना गरेका थिए।
ग) चर्को सोरमा चिच्च्याएर आराधना गरेका थिए।
घ) उहाँको अगाडि पर्खेर आराधना गरेका थिए।
ङ) आफ्ना हातहरूका तालीहरू बजाएर आराधना गरेका थिए।

८ बयानलाई पूरा गर्नुहोस्। यदि हामीले हाम्रा ख्रीष्टियान दाजु-भाइहरूलाई...................... गर्‍यौं र तिनीहरूलाई ........................................ देखायौं भने, हाम्रो आराधनाले बाधा पारेर मानिसहरूलाई तर्काउने छैन।

९ प्रभुलाई आराधना गर्ने कुनै नयाँ तरीकाहरूलाई के तपाईंले यस पाठमा पत्ता लगाउनुभएको छ? तिनीहरूको सूची बनाउनुहोस्।

..........................................................................

..........................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) हामीले प्रार्थना गर्‍यौं र परमेश्वरले हामीलाई क्षमा दिनुभयो।

६ **क** ठीक
**ख** बेठीक
**ग** ठीक
**घ** ठीक

२ म आफै

७ क) आफ्ना हातहरू उठाएर
ख) प्रभुको सामु नाचेर
घ) उहाँको अगाड़ि पर्खेर

३ **क** पहिलो
**ख** शुद्ध, स्पष्ट, शान्त

४ सबै क्रियाकलापहरूले पहिलो स्थान लिएर हाम्रो आराधनालाई बाधा पुर्‍याउन सक्छन्। परमेश्वर र हाम्रा बीचमा बाधा पुर्‍याउनका लागि तिनीहरू आएनन् भने ती असल क्रियाकलापहरू नै हुन्।

८ तपाईंको उत्तर

५ तपाईंको उत्तर। मचाहिँ यसो भन्छु कि परमेश्वरसँगको सङ्गतिमा प्रवेश गर्नका लागि असल र शुद्ध विचारहरूले मात्र हाम्रो जीवन र मनलाई तयारी पार्छ।

## टिप्पणीहरू